# लेखकको निवेदन

एउटा सृजनशील प्राणी भएको हुँदा मानिसले केही न केही रचनात्मक कार्य गरी आत्मसन्तोष र आनन्द अनुभव गर्नु मानवीय स्वभावको एक महत्वपूर्ण पक्ष हो। यसै मानवीय प्रवृत्तिको अपवाद म पनि भइनँ । क्षेत्रीय इतिहास, संस्कृति, मानवीय जीवन, राजनीति र सामाजिक जीवन पद्धतिका विविध पक्षहरू मेरो सृजनशीलताको केन्द्र विन्दु बने। विगत १०-१२ वर्षहरूदेखि म यी विषयहरूमा केही न केही लेखेर प्रकाशन गर्ने काममा  संलग्न छु। यसै क्रममा मैले *सुदूरपश्चिममा पत्रकारिता* नामक प्रस्तुत पुस्तक लेख्ने जमर्को गरे । यो प्रयास पत्रकारिताको इतिहासमा विद्यमान सबै प्रकारका सङ्केत र सम्भावनाहरू इङ्गित गर्दै खोजी गर्ने सानो थालनीमात्र हो ।

नागरिक अधिकारको सुरक्षाका लागि अखवारहरूको स्वतन्त्रता तथा शिक्षित नागरिक समाज हुन जरुरी मानिन्छ। यस मान्यतालाई दृष्टिगत गर्दा नेपालमा जनजीवनसँग सरोकार राख्ने धेरै कुराहरू वर्तमान स्थितिमा असुरक्षित तथा अपूर्ण रहनुमा अखवार स्वतन्त्र नहुनु र जनसङ्ख्याको अधिकांश भाग शिक्षित नहुनु जस्ता कारण जिम्मेवार छन्। झन् सुदूरपश्चिम जस्तो शैक्षिक, आर्थिक, भौगोलिक तथा राजनीतिक रुपले सहज स्थितिमा नरहेको भागमा पत्रकारिता वा अखवारको माध्यमले समाजको विकासको निमित्त केही प्राप्त हुन सक्ने आशा राख्नु निरर्थक जस्तै देखिन आउँछ। तर यहाँको पत्रकारिता शैशवकालमा नै भएकोले यति चाँडै निराश नै भइहाल्नु आवश्यक नहुन पनि सक्छ ।

यहाँको पत्रकारिताको इतिहासबारे लेख्न थालनी गर्दा एक गतिलो आकारको पुस्तक बनाउन सकिने आशा ममा थिएनँ। अतः धेरै ढिलो भए पनि सुदूरपश्चिमको पत्रकारिताले आफूलाई हालका दिनहरूमा व्यवस्थित पारी आर्थिक र बौद्धिक क्षमतायुक्त सङ्गठनको रुपमा समाज समक्ष चिनाउने प्रयाससम्म गर्न थालेको सङ्केत र सम्भावनालाई मात्र यसमा समावेश गर्न खोजेको हुँ। समेट्दै जाँदा जे जस्तो आकार तथा तथ्ययुक्त पुस्तक बनाउन सकियो त्यो नै यहाँ प्रस्तुत गर्नुपर्ने वाध्यता मेरो सामुन्ने आयो । यसको इतिहासलाई समग्र देशको पत्रकारिताको इतिहाससँग तुलना गर्नु वा हाराहारीमा लैजाने प्रयत्न गर्नुभन्दा पनि नेपालको पत्रकारिताको इतिहाससँग कतै न कतै यसलाई जोड्ने प्रयत्न गर्नु नै मेरो मुख्य

लक्ष्य रहेको छ । अन्यथा नेपालको इतिहासमा सुदूरपश्चिमको क्षेत्रगत अन्य ऐतिहासिक महत्वका योगदानहरूले उपयुक्त स्थान नपाएसरह पत्रकारिताको योगदान पनि गौण हुन सक्ने खतरा विद्यमान नै थियो । पत्रकारिताको समष्टिगत राष्ट्रिय इतिहासमा सुदूरपश्चिमको पत्रकारिताको योगदानको केही अंश यस पुस्तकको माध्यमबाट निश्चित रुपमा स्थापित हुने छ भन्ने विषयमा म विश्वस्त छु । अतः यो पुस्तक पूरा गर्नका लागि मलाई परेको परिश्रमको तुलनामा यस पुस्तकको महत्व निश्चित रुपले बढी नै हुने आशाले मलाई आत्मसन्तोष प्रदान गरिरहेको छ । साथै यो पुस्तकले सुदूरपश्चिममा पत्रकारिताको विकासको विगत र वर्तमानका प्रवृत्ति जान्न चाहने तथा सामान्य पाठकलाई समेत लाभान्वित गर्न सकेमा म आफ्नो प्रयास सफल भएको सम्झने छु ।

अन्तमा, यस पुस्तकलाई बढी उपयोगी बनाउने उद्देश्यले परिमार्जन गरी प्रकाशन गर्ने काममा मार्टिन चौतारीका मित्रहरू कृष्ण अधिकारी, भास्कर गौतम तथा शेखर पराजुलीले गर्नु भएको सहयोगको लागि म उहाँहरूलाई हार्दिक धन्यवाद दिन्छु । प्रत्यूष वन्तको प्रेरणाले पनि मलाई यस पुस्तकको प्रारम्भदेखि अन्तसम्म उच्च मनोबलका साथ निरन्तर लागि रहन मद्दत पुऱ्यायो । उहाँलाई पनि धन्यवाद छ । तथ्ययुक्त बनाउने काममा पत्रकारितासम्बन्धी विभिन्न पुस्तक पत्रपत्रिकामा प्रकाशित सामग्री पनि धेरै उपयोगी भएको स्वीकार्य छ । अतः यसको लागि पनि म सम्बन्धित सबै लेखक/प्रकाशनहरू प्रति आभारी छु । पुस्तक प्रकाशन गर्ने मार्टिन चौतारीलाई धेरै धेरै धन्यवाद छ ।

यस पुस्तकलाई विषयवस्तुको प्रस्तुतिको दृष्टिकोणले पूर्णता प्रदान गर्ने, प्रामाणिक बनाउने, विषयवस्तुलाई सङ्क्षेपमा भएपनि इमान्दारीपूर्वक समेट्ने तथा पत्रकारिताको गुण, दोष, स्वभाव र प्रतिफललाई तटस्थ भै परीक्षण गर्ने प्रयास मैले गरेको छु । यी सबै प्रयासहरूको बाबजुद पनि केही भन्नु नै पर्ने विषयवस्तु र तथ्य यस पुस्तकमा समावेश गर्न नसकिएको वा भनिएको विषयलाई प्रामाणिक, पूर्ण र स्पष्ट पार्न नसकिएको देखिन गएमा यसको लागि जिम्मेवारी लिँदै विद्वत् वर्गसँग क्षमा माग्दछु । धन्यवाद ।